# हरिपुर नगरपालिका

# राजपत्र


**सर्लाही जिल्ला, प्रदेश नं.२,नेपाल**

**हरिपुर नगरसभाद्धारा प्रकाशित**

**बर्ष २ अंक ४ २०७७ भाद्र २२ गते, सोमबार**


यस नगरपालिकाबाट स्वीकृत भएको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७६ स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिमका कानुनहरु तथा कार्यविधिहरु प्रकाशन गरिएको छ ।

हरिपुर नगरपालिका, सर्लाही

# भाग-१

## १.हरिपुर नगरपालिकाको आर्थिक ऐन २०७७

## हरिपुर नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रस्तावनाः हरिपुर नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त वार्षिक रुपमा स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम हरिपुर नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " हरिपुर नगरपालिकाको आर्थिक ऐन, २०७७" रहेको छ।
(२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि हरिपुर नगरपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति करः** नगरपालिकाका क्षेत्रभित्र २०७७ श्रावण १ गते देखि सम्पत्ति कर/घरजग्गा कर सम्वन्धि आवश्यक अध्ययन गराई लगाइने र असूल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत):** नगरपालिका क्षेत्रभित्र तल अनुसूचि बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

४. **घर वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा तल अनुसूचि बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचिमा उल्लेख भए बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस,खर कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत तल अनुसूचि बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

७. **सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा तल अनुसूचि बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा तल अनुसूचि बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा+ अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. **मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा तल अनुसूचि बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१०. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेकामा तल अनुसूचि मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत तल अनुसूचि बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

हरिपुर नगरपालिका

१२. **सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेकामा तल अनूसूचिमा उल्लेख मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१४. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ।

## अनुसुचीहरु

## भुमिकरमालपोत

### क) मालपोत तथा भुमिकर

क) कालपत्रे सडक छोएका व्यवसायिक घडेरीहरु प्रतिकट्ठा रु. १००।००
**(नवलपुर मलगंवा सडक छोएको )**

ख) **आवास प्रयोजन घडेरीहरु**
बजार क्षेत्र प्रतिकट्ठा रु. ५०।००
ग्रामीण क्षेत्र प्रतिकट्ठा रु. २०।००

**ग) बजार क्षेत्रका खेतियोग्य जमिनहरु**

| ईकाई | रु. |
|---|---|
| डेढ विगाहा सम्मको प्रति कट्ठा | १०।०० |
| डेढ विगाहा माथि ३ विगाहा सम्म प्रति कट्ठा | १५।०० |
| ३ विगाहा माथि प्रति कट्ठा | २०।०० |

घ) **ग्रामीण क्षेत्रका क्षेत्रका खेतियोग्य जमिनहरु**

| ईकाई | रु |
|---|---|
| डेढ विगाहा सम्मको प्रति कट्ठा | ५।०० |
| डेढ विगाहा माथि ३ विगाहा प्रति कट्ठा | १०।०० |
| ३ विगाहा माथि प्रति कट्ठा | १५।०० |

(पुनश्चः मालपोत रसिद कम्तिमा रु. ५० भन्दा तल काटिने छैन |)

**१.२ घर जग्गा कर :**

| सि.नं. | सम्पति करको सिमा | करको दर रु. |
|---|---|---|
| १ | २५लाख सम्म | प्रति लाख २।०० |
| २ | २५ लाख भन्दा माथि | प्रति लाख २।५० |

१.३ बहाल/विटौरी कर :

**क) बहाल कर :**

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | घर धनीबाट बहाल रकमको (सम्झौता अनुसार) | १२% |

**ख) विटौरी कर : (ऐलानी तथा सार्वजनिक पर्ती जग्गा भोग चलनको लागी)**

हरिपुर नगरपालिका, सलाही

| सि.नं. | विवरण | मासिक रकम रु. | वार्षिक रकम रु. |
|---|---|---|---|
| १ | सडक क्षेत्र, ऐलानी तथा दर्ता छुट जग्गामा व्यापार व्यवसायको लागी प्रति स्टल/कोठा/ठेला गाडी | ५००।०० | ५०००।०० |
| २ | अस्थायी आवास प्रयोजनको लागी प्रति घरधुरी | - | २००।०० |
| ३ | कृषि तथा अन्य प्रयोजनको लागी प्रति कठ्ठा | - | ५०।०० |
| ४ | कृषि तथा अन्य प्रयोजनको लागी बाँकी वडाहरुमा प्रति कठ्ठा | - | २५।०० |

**१.३.१** पार्किङ शुल्कः

**कार्यपालिकाले तोके बमोजिम हुने ।**

**१.३.२** जडिबुटी, कवाडी र जीवजन्तु कर :

कार्यपालिकाले तोके बमोजिम हुने ।

**१.३.३** टाँगा, रिक्सा, अटो रिक्सा र ई-रिक्साको सवारी करको दर :

प्रति टाँगा- १००।००

प्रति अटो रिक्सा- ३००।००

प्रति ई-रिक्सा- २००।००

१.४ सवारी दर्ता तथा वार्षिक सवारी कर :

१.४.१ पुर्वाधार उपभोग करतथा सवारी दर्ता शूल्क

| सि.नं. | विवरण | अ. वार्षिक सवारी कर (रु. मा) | आ. पटके सवारी कर (आते जातेमा रु. मा) | इ.पार्कीङ शूल्क (रु. मा) |
|---|---|---|---|---|
| १ | बस,ट्रली, लहरी, हेभी गाडीमा | ३०००।०० | | १०।०० |
| २ | भाडा तथ निजी कार, जिप, | ५००।०० | | ५।०० |
| ३ | भाडाको टेम्पो | ३००।०० | | ५।०० |
| ४ | निजी मिनि बस | ५००।०० | | १०।०० |
| ५ | निजी टेम्पो | ३००।०० | | ५।०० |
| ६ | मोटरसाइकल | १००।०० | | - |
| ७ | ठेला/रिक्सा | ५०।०० | | - |
| ८ | इजाजत/सिफारिश शूल्क | ५०।०० | | - |
| ९ | ट्याक्टर | २००।०० | | १०।०० |
| १० | पावर टेलर | १००।०० | | ५।०० |
| ११ | विद्युतिय रिक्सा | १००।०० | | ५।०० |
| १२ | एक्जाभेटर/डोजर | १,५००।०० | | १०।०० |
| १३ | स्कुटर | ५०।०० | | |

*१.४.२ विदेशीपुर्वाधार उपभोग कर*

| सि. न. | सवारीको प्रकार | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | टेलर, लहरी | ५००।०० | |
| २ | बस, ट्रक | ३००।०० | |
| ३ | मिनि बस / मिनिट्रक | १५०।०० | |
| ४ | जिप/कार | ५०।०० | विवाह प्रयोजनको लागि कर नलाग्ने |

*(नगरपालिकाको सडकमा हिडने सवारी साधनको लागिमात्र पटके सवारी कर लाग्ने छ ।)*

*१.५ मनोरन्जन कर*

| सि.न. | विवरण | रकम |
|---|---|---|
| १ | सिनेमा हलको लागि वार्षिक | रु.५०,०००।- |
| २ | केबल व्यवसाय वार्षिक | रु.५०००।- |

- सर्कस देखाउनेलाई दैनिक रु.३००।-

हरिपुर नगरपालिका सर्लाही

- विषेश मेलामा राखिने मनोरञ्जनका साधनहरुलाई अनुमति दिंदा दैनिक रु.५००। का दरले अग्रीम बुझाउनु पर्ने ।

*१.६. विज्ञापन कर :*

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | क) व्यवसायिक प्रयोजनका लागि सार्वजनिक, स्थल, सडक छेउमा राखिएको होर्डिङ बोर्ड, भित्ते लेखन आदिमा प्रति वर्ग फिट (साधारण) | ५०।०० |
| | क) व्यवसायिक प्रयोजनका लागि सार्वजनिक, स्थल, सडक छेउमा राखिएको होर्डिङ बोर्ड, भित्ते लेखन आदिमा प्रति वर्ग फिट (सूर्तिजन्य बाहेक) | ७५।०० |
| २ | ख) तुल, व्यानर आदिमा १ पटकको लागि प्रति फिट | ५।०० |
| ३ | ग) तुल, व्यानर आदिमा (बढीमा एक महिना सम्मको लागि) प्रतिगोटा | ३,००।०० |

**बिज्ञापन गर्दा निम्न बमोजिम गर्नु पर्नेछ ।**

१. कुनै पनि प्रकारका विज्ञापन गर्दा न.पा.बाट पूर्व स्वीकृति लिएर मात्र गर्नु पर्नेछ ।
२. नेपाल सरकारको नीति बमोजिम सार्वजनिक स्थलमा विज्ञापन गर्न बन्देज गरेका (मादक पदार्थ, सूर्तिजन्य) जस्ता बस्तुहरुको विज्ञापन गर्न पाइने छैन ।
३. यातायात सवारीका साधनहरुको विक्री प्रयोजनका लागि हुने विज्ञापनमा २५ प्रतिशत थप गरी कर लिईने छ ।
४. होटल तथा व्यापार व्यवसायको प्रवर्द्धन सम्बन्धी विज्ञापनहरुमा माथि उल्लेखित दररेटमा कर लिईने छ ।
५. विभिन्न संघ संस्थाहरुबाट हुने सेवामूलक प्रचार प्रसारका सामग्रीहरुमा उल्लेखित दरमा ५० प्रतिशत छुट दिईने छ ।

नेपाल सरकारका तर्फबाट हुने जनचेतना अभिबृद्धिमुलक सूचना प्रचार प्रसारका सामाग्रीहरुमा विज्ञापन कर लिईनेछैन

## १.७ व्यवसाय दर्ता तथा नवीकरण कर :

| सि.नं. | विवरण | प्रस्तावित करका दरहरु |
|---|---|---|
| व्यापारीक बस्तु | | |
| १ | **मदिरा पसल** | |
| | रक्सी, वियरको डिस्टिब्युटर्स | ५०००/०० |
| | रक्सी, वियरको थोक पसल | ३०००/०० |
| | रक्सी, वियरको खुद्रा बिक्री पसल | १५००/०० |
| २ | **सुर्ती जन्य (धूम्रपान पसल)** | |
| | चुरोट, विडी, सूर्तीजन्य पदार्थको डिलर पसल | ३०००/०० |
| | चुरोट, विडी, सूर्तीजन्य पदार्थको थोक पसल | २०००/०० |
| | चुरोट, विडी, सूर्तीजन्य पदार्थको खूद्रा पसल | ५००/०० |
| ३ | **हल्का पेय पदार्थ पसल** | |
| | हल्का पेय पदार्थको डिलर | २०००/०० |
| | हल्का पेय पदार्थको खुद्रा पसल | १०००/०० |
| ४ | **सून चांदी पसल** | |
| | सुन चांदी पसल श्रेणी क | ५०००/०० |
| | सुन चांदी पसल श्रेणी ख | ३०००/०० |
| | सुन चांदी पसल श्रेणी ग | १५००/०० |
| ५ | **औषधी व्यवसाय** | |
| | औषधी सुपर डिस्ट्रिव्यूटर्स | ३०००/०० |
| | औषधी थोक तथा डिस्ट्रिव्यूटर्स | २५००/०० |
| | औषधी खुद्रा पसल (डक्टर भएको) | १५००/०० |
| | औषधी खुद्रा पसल (डक्टर नभएको) | १२००/०० |
| ६ | **आयुर्वेदिक औषधी पसल** | |
| | हर्वल उत्पादन तथा आयुर्वेदिक औषधी थोक पसल | १०००/०० |
| | हर्वल उत्पादन तथा आयुर्वेदिक औषधी खुद्रा | ५००/०० |

हरिपुर नगरपालिका, सर्लाही

| सि.नं. | विवरण | प्रस्तावित करका दरहरु |
|---|---|---|
| | एग्रोभेट थोक पसल | १०००/०० |
| | एग्रोभेट खुद्रा पसल | ५००/०० |
| ७ | **स्टेशनरी तथा पुस्तक पसल** | |
| | स्टेशनरी तथा पुस्तक डिस्ट्रिव्यूटर्स | १५००/०० |
| | स्टेशनरी तथा पुस्तक थोक | १०००/०० |
| | स्टेशनरी तथा पुस्तक खुद्रा | ५००/०० |
| | मूद्रण सामाग्री खरिद बिक्री तथा कापी उद्योग | ५००/०० |
| ८ | **डिपार्टमेन्टल पसल** | |
| | डिपार्टमेन्टल पसल/सपिङ्ग सेन्टर श्रेणी क | २०००/०० |
| | डिपार्टमेन्टल पसल/सपिङ्ग सेन्टर श्रेणी ख | १०००/०० |
| ९ | **कस्मेटिक पसल** | |
| | कस्मेटिक थोक पसल श्रेणी क | १५००/०० |
| | कस्मेटिक खुद्रा पसल श्रेणी ख | १०००/०० |
| | कस्मेटिक खूद्रा पसल श्रेणी ग | ५००/०० |
| १० | **मोटर पार्ट तथा बोडी विल्डर्स सामान विक्री** | |
| | मोटर पार्टस सामान विक्री श्रेणी क | ४०००/०० |
| | मोटर पार्टस सामान विक्री श्रेणी ख | ३०००/०० |
| | बोडी विल्डर्स सामान विक्री श्रेणी क | ३०००/०० |
| | बोडी विल्डर्स सामान विक्री श्रेणी ख | २०००/०० |
| ११ | **लुब्रिकेसन सेक्सन तर्फ (आयल निगम)** | |
| | लुब्रिकेसन थोक पसल | ३०००/०० |
| | लुब्रिकेसन खुद्रा पसल | १०००/०० |
| १२ | **प्लाई तथा ग्लास हाउस** | |
| | प्लाई तथा ग्लास हाउस थोक पसल | ३०००/०० |
| | प्लाई तथा ग्लास हाउस खूद्रा पसल | २०००/०० |
| १३ | **कपडा तथा फेन्सी पसल** | |
| | कपडा,फेन्सी तथा व्याग थोक पसल | ३०००/०० |
| | कपडा,फेन्सी तथा व्याग खुद्रा पसल श्रेणी क | १५००/०० |
| | कपडा,फेन्सी तथा व्याग खुद्रा पसल श्रेणी ख | १२००/०० |
| १४ | **धागो टांक फस्नर थोक पसल** | |
| | धागो, टांक, फस्नर थोक पसल | १०००/०० |
| | धागो, टांक, फस्नर खूद्रा पसल | ५००/०० |
| १५ | **इलेक्ट्रोनिक विक्री पसल** | |
| | मोवाइल कम्पनी सेल्फ उपशाखा, डिस्ट्रिव्यूटर्स | ३०००/०० |
| | इलेक्ट्रोनिक थोक पसल | ३०००/०० |
| | इलेक्ट्रोनिक खूदा पसल श्रेणी क | १५००/०० |
| | इलेक्ट्रोनिक खूदा पसल श्रेणी ख | १०००/०० |
| | रेडियो,घडी,क्याल्कुलेटरमात्र बिक्री पसल | ५००/०० |
| | अडियो, भिडियो क्यासेट तथा मोवाईल पसल | ५००/०० |
| १६ | **विद्यूत सामाग्री पसल** | |
| | विद्यूत सामाग्री थोक पसल | २५००/०० |
| | विद्यूत सामाग्री खुद्रा पसल | १०००/०० |
| १७ | **हार्ड वयर/मेशिनरी/पेन्ट/सेनेटरी तथा मार्बल पसल** | |
| | थोक पसल | ४०००/०० |
| | खुद्रा पसल श्रेणी क | २५००/०० |
| | खुद्रा पसल श्रेणी ख | १५००/०० |

हरिपुर नगरपालिका, सर्लाही

| सि.नं. | विवरण | प्रस्तावित करका दरहरु |
|---|---|---|
| १८ | **पेट्रोलियम पदार्थ** | |
| | पेट्रोलियम पदार्थ ३ पम्प वा सो भन्दा माथि | ५०००/०० |
| | पेट्रोलियम पदार्थ २ वटा पम्प भएको | ३०००/०० |
| | पेट्रोलियम पदार्थ १ मात्र पम्प भएको | १५००/०० |
| | पेट्रोलियम पदार्थ पम्प नभएको डिलर | १०००/०० |
| | ग्यांस सिलिण्डर डिलर सव डिलर | ५००/०० |
| १९ | **स्टील, आल्मुनियमको पसल** | |
| | स्टील, आल्मुनियमको थोक पसल | १५००/०० |
| | स्टील, आल्मुनियमको खुद्रा पसल | ५००/०० |
| २० | **फर्निशर्स पसल** | |
| | फ्लोरिङ तथा फर्निशर्स थोक पसल | २०००/०० |
| | फ्लोरिङ तथा फर्निशर्स खुद्रा पसल | १०००/०० |
| २१ | **सवारी साधन एजेन्सी तथा थोक विक्री पसल** | |
| | बस,ट्रक, ट्रयाक्टर जिप,कारको डिलर | ५०००/०० |
| | मोटरसाइकल डिलर | ३०००/०० |
| | मोटरसाइकल अन्य सवारी साधनको डिलर(स्वदेशी उत्पादन) | |
| | इलेक्ट्रिक साईकल तथा साइकल पसल | १५००/०० |
| | रि कन्डिसन हाउस | १०००/०० |
| २२ | **थोक तथा एजेन्सी** | |
| | टायर डिलर | ३०००/०० |
| | पम्पिङ्गसेट, जेनेरेटर डिलर | २५००/०० |
| | विविध विषयका सामान सप्लायर्स तथा एजेन्सीहरु | २०००/०० |
| २३ | **खाद्यान्न तथा किराना पसल** | |
| | खाद्यान सप्लायर्स | २०००/०० |
| | गल्ला थोक पसल | २५००/०० |
| | खाद्यान,किराना थोक पसल | २०००/०० |
| | खाद्यान,किराना खुद्रा पसल | ५००/०० |
| | भित्री सडकमा रहेका साना किराना पसल | २५०/०० |
| | आलु, प्याज, लसुन, अदुवा थोक पसल | १०००/०० |
| २४ | **फलफुल पसल** | |
| | फलफुल थोक पसल | २०००/०० |
| | फलफुल खुद्रा पसल | ५००/०० |
| २५ | **सागसब्जी पसल** | |
| | सागसब्जी थोक पसल | ३००/०० |
| | सागसब्जी खुद्रा पसल | २००/०० |
| २६ | **कपडा पसल** | |
| | कपडा थोक पसल | ३०००/०० |
| | कपडा खुद्रा पसल | १०००.०० |
| **बिशेषज्ञ परामर्श तथा अन्य ब्यवसायिक सेवा** | | |
| २७ | **चिकित्सक** | |
| | निजी सेवा संचालन गर्ने कन्सल्टेण्ट डाक्टर | २५००/०० |
| | निजी सेवा संचालन गर्ने मेडिकल अफिसर | २०००/०० |
| | कबिराज र स्वास्रथ्य कर्मी(क्लीनीक) | १०००/०० |
| २८ | **कन्सल्ट्यान्ट सेवा** | |

हरिपुर नगरपालिका, सर्लाही

| सि.नं. | विवरण | प्रस्तावित करका दरहरु |
|---|---|---|
| | इन्जिनियरिङ परामर्श सेवा फर्म | ५०००/०० |
| २९ | **कानुन व्यवसायी** | |
| | ल फर्म तथा कानुन परामर्श सेवा | २०००/०० |
| ३० | **लेखा परीक्षण व्यवसाय तर्फ** | |
| | लेखा परीक्षण (सि.ए.) | २५००/०० |
| | लेखा परीक्षण (र.ले.प) | १५००/०० |
| ३१ | **दन्त चिकित्सा सेवा** | |
| | डेन्टल होम सेवा | २५००/०० |
| | दन्त चिकित्सा सेवा | १५००/०० |
| ३२ | **अनुसन्धानकर्ता तथा सेवा परामर्श दाता** | |
| | अनूसन्धानकर्ता | २०००/०० |
| | कम्प्यूटर एनालिस्ट तथा प्रोग्रमर | १५००/०० |
| | विमा एजेन्ट | १५००/०० |
| | सर्भेयर | १५००/०० |
| | नोटरी पव्लिक अनुवादक | १५००/०० |
| | पशू चिकित्सक | १५००/०० |
| | शेयर दलाल | २०००/०० |
| | ढुवानी कम्पनी तथा ट्रान्सपोर्ट व्यवसाय | ३०००/०० |
| | संथागत पेन्टर | १०००/०० |
| **निर्माण व्यवसाय** | | |
| | स्वदेशी निर्माण व्यवसायी | ४०००/०० |
| | विदेशी निर्माण व्यवसायी एवं परामर्श दाता | १००००/०० |
| ३३ | **भवन निर्माण व्यवसाय** | |
| | मिक्चर तथा सटरिङ्ग सामान भएकोलाई | ३०००/०० |
| | सटरिङ्ग सामानमात्र भएको | १५००/०० |
| | भवन निर्माण व्यवसायी | २०००/०० |
| ३४ | **सटरिङ्ग व्यवसाय** | |
| | मिक्चर तथा सटरिङ्ग सामान भएको | १५००/०० |
| | सटरिङ्ग सामानमात्र भएको | १०००/०० |
| | वाटर ड्रिलिङ्ग | १०००/०० |
| उत्पादनमुलक उद्योग | | |
| ३५ | **प्लाष्टिक उद्योग** | |
| | प्लाष्टिक उद्योग श्रेणी क | ३०००/०० |
| | प्लाष्टिक थोक पसल | २०००/०० |
| | प्लाष्टिक पसल तथा सप्लायर्स श्रेणी क | १५००/०० |
| | प्लाष्टिक पसल तथा सप्लायर्स श्रेणी ख | १२००/०० |
| ३६ | **चप्पल उद्योग** | |
| | चप्पल उद्योग श्रेणी क | ३०००/०० |
| | चप्पल थोक विक्रि पसल | २५००/०० |
| | चप्पल विक्रि खुद्रा विक्रि पसल श्रेणी क | २०००/०० |
| | चप्पल विक्रि खुद्रा विक्रि पसल श्रेणी ख | १५००/०० |
| ३७ | **ग्रील उद्योग** | |
| | स्टील,आल्मूनियम ग्रील उद्योग | २५००/०० |
| | फलामको ग्रील उद्योग | २०००/०० |
| ३८ | **साबुन उद्योग तथा विक्रि पसल** | |
| | साबुन उद्योग श्रेणी क | ३०००/०० |

हरिपुर नगरपालिका, सर्लाही

| सि.नं. | विवरण | प्रस्तावित करका दरहरु |
|---|---|---|
| | साबुन उद्योग श्रेणी ख | २५००/०० |
| | सावून विक्रि पसल | १०००/०० |
| ३९ | **जूत्ता उद्योग तता विक्रि पसल** | |
| | जुत्ता उधोग तथा जुत्ताको शो रुम | २०००/०० |
| | जुत्ताको शो रुम तथा विक्रि पसल | १०००/०० |
| | जुत्ता मर्मत गर्ने | ५००/०० |
| ४० | **पशूपालन तथा पशू आहार उद्योग** | |
| | पशु आहर उद्योग | १५००/०० |
| | पशु आहर बिक्री केन्द्र | ७००/०० |
| | पशु पंछी पालन उद्योग | ५००/०० |
| ४१ | **घरेलु कुटिर उद्योग** | |
| | अगर बत्ती उद्योग | ५००/०० |
| | मैन बत्ती उद्योग | ५००/०० |
| | टिकी उद्योग | ५००/०० |
| | अचार उद्योग | २५०/०० |
| | अन्य कूटिर उद्योग | २५०/०० |
| ४२ | **कपडा तथा गार्मेन्ट उद्योग** | |
| | कपडा उद्योग | ४०००/०० |
| | गारमेन्ट उद्योग | ३०००/०० |
| | ज्याकेट तथा ब्याग उद्योग | २५००/०० |
| | होजियारी तथा धागो उद्योग | २०००/०० |
| | सिरक डसना उद्योग/पसल | १५००/०० |
| | ढाका उद्योग श्रेणी क | १५००/०० |
| | ढाका उद्योग श्रेणी ख | १०००/०० |
| ४३ | **छाता ,सलाई उद्योग** | |
| | सलाई उद्योग श्रेणी क | ३०००/०० |
| | सलाई उद्योग श्रेणी ख | २०००/०० |
| | छाता उद्योग श्रेणी क | २०००/०० |
| | छाता उद्योग श्रेणी ख | १५००/०० |
| ४४ | **पेय पदार्थ उत्पादन उद्योग,** | |
| | मिनरल वाटर उद्योग | ३५००/०० |
| | पिउने पानी सप्लायर्स | २५००/०० |
| | आइस बरफ उद्योग | १०००/०० |
| | आइसक्रीम उद्योग | १५००/०० |
| | सोडा उद्योग | १०००/०० |
| ४५ | **भांडा उद्योग** | |
| | कांस,तामा, पित्तल, भाडा उद्योग | ३०००/०० |
| | आल्मुनियम भाडा उद्योग | २०००/०० |
| | पलास्टीक भाडा उद्योग | २०००/०० |
| | टिनको वाकस,बाल्टी,स्टोभ | १५००/०० |
| ४६ | **कूटानी, पेलानी मिल** | |
| | फलावर/राइस/चिउरा/भुजा मिल | २५००/०० |
| | कूटानी, पेलानी मिल (हलर समेत), चिउरा मिल र मसला उद्योग | ३००/०० |
| ४७ | **डेरी उद्योग** | |
| | डेरी उद्योग तथा विक्रि पसल | २५००/०० |

हरिपुर नगरपालिका, सर्लाही

| सि.नं. | विवरण | प्रस्तावित करका दरहरु |
|---|---|---|
| | डेरी विक्रि पसल | ५००/०० |
| ४८ | **उपभोग्य बस्तु उत्पादन उद्योग** | |
| | कुकिज/पाउरोटी/नुडल्स उद्योग श्रेणी क | १५००/०० |
| | कुकिज/पाउरोटी/नुडल्स उद्योग श्रेणी ख | १०००/०० |
| | कन्फेक्सनरी उद्योग श्रेणी क | १०००/०० |
| | कन्फेक्सनरी उद्योग श्रेणी ख | ५००/०० |
| | विस्कुट उद्योग श्रेणी क | १०००/०० |
| | विस्कुट उद्योग श्रेणी ख | ५००/०० |
| | दालमोठ उद्योग | ५००/०० |
| ४९ | **रिकण्डिसन उद्योग** | |
| | फलाम कृषि औजार उद्योग | २५००/०० |
| | कागज, प्लाष्टिक रिकण्डिसन उद्योग | २०००/०० |
| **उर्जा मूलक उद्योग** | | |
| | हाइड्रो पावर सम्बन्धी पार्ट उत्पादन क. | ५०००/०० |
| | वायो ग्यास उद्योग | ४०००/०० |
| | सौर्यशक्ति उत्पादन उधोग | ३०००/०० |
| | मर्मत संभार पार्ट बिक्री | १५००/०० |
| **कृषि तथा बनजन्य उद्योग** | | |
| | कृषि तथा पशूपंछि फर्म | ३०००/०० |
| | प्लाइउड उद्योग | १५०००/०० |
| | समिल उद्योग | ५०००/०० |
| | काठ विक्री डिपो | ४०००/०० |
| | काठको फर्निचर उद्योग,/शोरुम (ठूलो) | ३०००/०० |
| | काठको फर्निचर शोरुम,(सानो) | २०००/०० |
| | बेतबांसको उद्योग/व्याम्बो शोरुम | १५००/०० |
| **खनिज उद्योग** | | |
| ५२ | **कंक्रिट उद्योग** | |
| | कंक्रिट व्लक | ३०००/०० |
| | सेनेटरी उद्योग तथा व्यवसाय | २५००/०० |
| | क्रेसर उद्योग/ईटा उद्योग | ६००००/०० |
| **पर्यटन उद्योग** | | |
| ५३ | **होटल लज एण्ड रेष्टुरेण्ट** | |
| | पार्टी प्यालेस | ५०००/०० |
| | होटल लज एण्ड रेष्टुरेण्ट | ५०००/०० |
| | होटल एण्ड लज श्रेणी क | ४०००/०० |
| | होटल एण्ड लज श्रेणी ख | ३५००/०० |
| | होटल एण्ड रेष्टुरेण्ट श्रेणी क | ३५००/०० |
| | होटल एण्ड रेष्टुरेण्ट श्रेणी ख | २५००/०० |
| | दोहरी सांझ | २०००/०० |
| | फास्टफुट तथा क्याफे | २०००/०० |
| | रेष्टुरेण्ट | २०००/०० |
| | होटल,भोजनालय | २०००/०० |
| ५४ | **मिष्ठान/क्याटरिङ्ग पसल** | |
| | मिष्ठान/क्याटरिङ्ग पसल | ३५००/०० |
| | मिष्ठान पसल श्रेणी क | २५००/०० |
| | मिष्ठान पसल श्रेणी ख | २०००/०० |

हरिपुर नगरपालिका, सर्लाही

| सि.नं. | विवरण | प्रस्तावित करका दरहरु |
|---|---|---|
| | क्याटरिङ्ग | १५००/०० |
| | चिया तथा कफि पसल | ७००/०० |
| ५५ | **टेण्ट हाउस** | |
| | विजुली डेकोरेशन/बाजा सहितको टेण्ट हाउस | ३५००/०० |
| | विजुली डेकोरेशन सहितको टेण्ट हाउस | २०००/०० |
| | विजुली डेकोरेशन रहितको टेण्ट हाउस | १५००/०० |
| | टेण्ड हाउस | १५००/०० |
| **सेवा उद्योग** | | |
| ५६ | **छापाखाना** | |
| | अफसेट प्रेस | २५००/०० |
| | स्क्रिन प्रिन्ट प्रेश | २०००/०० |
| | लेटर प्रिन्ट प्रेश | १५००/०० |
| ५७ | **सिनेमा हल** | |
| | सिनेमा हल | ४०००/०० |
| | फिल्म डिस्ट्रिव्यूटर्स | ३०००/०० |
| ५८ | **कलरल्याव सेवा** | |
| | कलरल्याव सेवा | ३०००/०० |
| | भिडियो मिक्सिङ | २५००/०० |
| | फोटोकपी सेवा | २०००/०० |
| **संचार सेवा** | | |
| | टेलिफोन ,मोवाईल सेवा प्रदायक कम्पनी लाई | १००००/०० |
| | टि.भि. च्यानल प्रशारण सेवा | ५०००/०० |
| | केबुल च्यानल प्रशारण सेवा | ५०००/०० |
| | एफ.एम.प्रशारण सेवा | २५००/०० |
| | पत्रपत्रिका प्रकाशन सेवा | १५००/०० |
| ६० | **कम्यूनिकेशन सेवा** | |
| | टुर एन्ड टाभल्स सेवा/बूकिंग काउन्टर सेवा | २०००/०० |
| | फोटोकपि/पी.सी.ओ.साइवर क्याफे सेवा | १५००/०० |
| | कूरियर सेवाको मूख्य कार्यालय | १५००/०० |
| | कूरियर सेवाको शाखा कार्यालय | १०००/०० |
| **६१बित्तीय सेवा** | | |
| | बाणिज्य बैंक मूख्य कार्यालय | २००००/०० |
| | वाणिज्य वैंक प्रति शाखा कार्यालय | १५०००/०० |
| | बिकास बैंक मूख्य कार्यालय | २००००/०० |
| | विकास वैंकप्रति शाखा कार्यालय | १५०००/०० |
| | फाइनान्स कम्पनी मूख्य कार्यालय | २००००/०० |
| | फाइनान्स कम्पनी प्रति शाखा कार्यालय | ९०००/०० |
| | लघूवित्त कम्पनीहरु | ५०००/०० |
| | विमा कम्पनीहरु | ७०००/०० |
| | रेमिटान्स तथा मनी एक्सचेन्जर | २०००/०० |
| | वित्तीय सहकारी संस्था | २०००/०० |
| **स्वास्थ सेवा** | | |
| ६२ | **स्वास्थ्य सेवा व्यवसाय** | |
| | गैह्र सरकारी अस्पताल | ४०००/०० |
| | नर्सिङ्गहोम | ३५००/०० |

हरिपुर नगरपालिका, सर्लाही

| सि.नं. | विवरण | प्रस्तावित करका दरहरु |
|---|---|---|
| | एम.आर.आइ., सि.टि.स्क्यान, अल्ट्रा साउण्ड क्लिनिक | २५००/०० |
| | पोली क्लिनिक | २०००/०० |
| | प्याथोलोजी (दिशा,पिसाब,रगत,जांच) क्लिनिक | २०००/०० |
| | अक्यूपन्चर,फिजियो थेरापी, स्वास्थ क्लिनिक | १५००/०० |
| | एक्सरे क्लिनिक | १५००/०० |
| | चश्मा पसल | १५००/०० |
| **शिक्षा सेवा** | | |
| ६३ | **निजी शिक्षालय** | |
| | क्याम्पस/उच्च माध्यमिक विद्यालय | ३००००/०० |
| | माध्यमिक विद्यालय | १००००/०० |
| | निम्न माध्यमिक विद्यालय | ५०००/०० |
| | प्राथमिक विद्यालय / मन्टेश्वरी तथा शिशु स्याहर केन्द्र | १०००/०० |
| | छात्र / छात्रावास | १५००/०० |
| ६४ | **इन्स्टिच्युट,तालिम तथा अनुसन्धान केन्द्र** | |
| | पोली टेक्निकल इन्स्टिच्यूट, प्रशिक्षण समेत | २०००/०० |
| | नर्सिङ्ग, सिए.मए.ए. र एच.ए. प्रशिक्षण समेत | २०००/०० |
| | एजूकेशनल कन्सल्टेन्सी सेवा | १५००/०० |
| | कम्प्युटर/ईलेक्ट्रो.तालिम केन्द्र | १५००/०० |
| | सवारी चालक तालीम केन्द्र | १५००/०० |
| | भाषा शिक्षा इन्स्टिच्यूट,कोचिङ्ग सेन्टर | १५००/०० |
| ६५ | **अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु** | |
| | अन्तराष्ट्रिय संस्था (व्यवसायिक कारोबार गर्ने) | ३०००/०० |
| | राष्ट्रिय संस्था | २५००/०० |
| **मर्मत तथा संभार सेवा** | | |
| ६६ | **बोडी विल्डर्स सेक्सन तर्फ** | |
| | नयां बोडी बनाउने श्रेणी क | ५०००/०० |
| | नयां बोडी बनाउने श्रेणी ख | ४०००/०० |
| | बोडी मर्मत गर्ने | ३०००/०० |
| ६७ | **लेथ सेक्सन तर्फ** | |
| | लेथ सेक्सन श्रेणी क | ३०००/०० |
| | लेथ सेक्सन श्रेणी ख | २०००/०० |
| | लेथ सेक्सन श्रेणी ग | १५००/०० |
| ६८ | **टायर सेक्सन तर्फ** | |
| | टायर डिलर शोरुम | २५००/०० |
| | टायर रिसोलिङ्ग श्रेणी क | २०००/०० |
| | टायर रिसोलिङ्ग श्रेणी ख | १५००/०० |
| | टायर पन्चर मर्मत | १०००/०० |
| ६९ | **ईन्जिन मर्मत सेक्सन तर्फ** | |
| | ईन्जिन मर्मत श्रेणी क | ३०००/०० |
| | ईन्जिन मर्मत श्रेणी ख | २०००/०० |
| | ईन्जिन मर्मत श्रेणी ग | १५००/०० |
| ७० | **पेन्टिङ्ग/डेन्टिङ्ग/वेल्डिंग सेक्सन तर्फ** | |
| | डेन्टिङ्ग/पेन्टिङ्ग/वेल्डिङ्ग सेवा | २०००/०० |
| | डेन्टिङ्ग सेवा | १५००/०० |

| सि.नं. | विवरण | प्रस्तावित करका दरहरु |
|---|---|---|
| | पेन्टिङ्ग सेवा | १५००/०० |
| | वेल्डिङ्ग सेवा | १५००/०० |
| ७१ | **पम्प सेक्सन मर्मत तर्फ** | |
| | पम्प सेक्सन मर्मत श्रेणी क | २५००/०० |
| | पम्प सेक्सन मर्मत श्रेणी ख | २०००/०० |
| ७२ | **व्याट्री/इलेक्ट्रिक सेक्सन तर्फ** | |
| | व्याट्री/इलेक्ट्रिक सेक्सन श्रेणी क | २०००/०० |
| | व्याट्री/इलेक्ट्रिक सेक्सन श्रेणी ख | १५००/०० |
| ७३ | **वासिङ्ग सेक्सन तर्फ श्रेणी** | |
| | वासिङ्ग सेक्सन श्रेणी क | २०००/०० |
| | वासिङ्ग सेक्सन श्रेणी ख | १५००/०० |
| ७४ | **रिक्सा, साइकिल** | |
| | रिक्सा साइकिल विक्री पसल | २०००/०० |
| | साइकिल मर्मत तथा पार्टस बिक्री पसल | ५००/०० |
| ७५ | **अटो सम्बन्धी अन्य सेवा** | |
| | जिप,कार मर्मत | ३०००/०० |
| | मोटर साइकल/ इरिक्सा मर्मत | २०००/०० |
| | कमानी पट्टा मर्मत | १५००/०० |
| | रेडियटर मर्मत | ८००/०० |
| | सिट मेकिंग तथा ग्रिसिंग सेवा | ८००/०० |
| | हेड मर्मत सेक्सन | ८००/०० |
| ७६ | **अन्य मर्मत सेवा** | |
| | टि.भी.,डेक,फ्रिज,कम्प्यूटर, मर्मत पसल | २०००/०० |
| | मोवाइल मर्मत पसल | १५००/०० |
| | रेडियो, घडी मर्मत पसल | ५००/०० |
| | अन्य मर्मत पसल | ५००/०० |
| ७७ | **हेभिइक्यूवमेन्ट तथा कवार्ड पसल** | |
| | हेभिइक्यूवमेन्ट खरीद/विक्री श्रेणी क | ५०००/०० |
| | हेभिइक्यूवमेन्ट खरीद/विक्री श्रेणी ख | ३५००/०० |
| | अन्य कवार्ड खरिद विकी | २५००/०० |
| अन्य सेवा | | |
| ७८ | **वैदेशिक रोजगार सेवा परामर्श दाता** | |
| | वैदेशिक रोजगार सेवा परामर्श सेवा/शाखा कार्यालय | ४०००/०० |
| | सेवा परामर्श दाता(अन्य) | २०००/०० |
| | श्रमिक सेवा परामर्श दाता | १०००/०० |
| | सामान सहित श्रमिक सेवा परामर्श दाता | २०००/०० |
| ७९ | **ड्राइक्लिनिक,सैलून तथा ब्यूटीपार्लर** | |
| | ब्यूटी पार्लर सेवा ब्यूटिशियन तालिम सहितको | २०००/०० |
| | ब्यूटी पार्लर सेवा | १०००/०० |
| | ब्यूटी पार्लर सेवा सामन्य खालको | ५००/०० |
| | कालिगढ सहितको सैलुन सेवा | १२००/०० |
| | सैलुन २ सीट सम्मको सैलुन सेवा | १०००/०० |
| | साधारण सैलून | १०००/०० |
| | ड्राइक्लिनिक सेवा | १०००/०० |
| ८० | **साईन वोर्ड आर्ट व्यवसाय** | |
| | डिजिटल आर्ट व्यवसाय | २०००/०० |

हरिपुर नगरपालिका, सर्लाही

| सि.नं. | विवरण | प्रस्तावित करका दरहरु |
|---|---|---|
| | अन्य आर्ट व्यवसाय | १५००/०० |
| ८१ | **पशुबधशला** | |
| | पशुबधशला | ३०००/०० |
| | पशुको छाला संकलन तथा विक्रि केन्द्र | २०००/०० |
| ८२ | **माछा, मासू विक्री पसल** | |
| | प्याकिङ माछा,मासु सप्लायर्स | ३०००/०० |
| | माछा,मासु मध्ये कम्तिमा ३ वटा सेवा एकै ठाउंमा भएको | २५००/०० |
| | माछा,मासु मध्ये कम्तिमा २ वटा सेवा एकै ठाउंमा भएको | २०००/०० |
| | कुनै एक प्रकारको मासु बिक्री पसल | १०००/०० |
| | ताजा माछा, सिद्रा विक्री पसल | १०००/०० |
| | अण्डा विक्री पसल | १०००/०० |
| ८३ | **फुल बिरुवा विक्री पसल** | |
| | नर्सरी | १०००/०० |
| | फुल विक्री पसल | ७५०/०० |
| ८४ | **स्नूकर/पूल हाउस** | |
| | स्नुकर तथा पुल दुवै भएको | १०००/०० |
| | स्नुकर | ५००/०० |
| | पुल हाउस | ५००/०० |
| ८५ | **भांडा पसल, किचन सामाग्री** | |
| | भांडा तथा किचन सामाग्री थोक पसल | ३०००/०० |
| | भांडा तथा किचन खूर्दा पसल क | २०००/०० |
| | साधारण भांडा खुद्रा पसल ख | १५००/०० |
| ८६ | **खेलौना ,गिफ्ट तथा फोटो प्रेम पसल** | |
| | खेलौना तथा गिफ्ट पसल | १०००/०० |
| | खेलौना पसल | ७००/०० |
| | फोटो फ्रेम पसल | १०००/०० |
| ८७ | **सिलाई मेसिन मर्मत तथा सिलाई पसल** | |
| | सिलाई पसल श्रेणी क | १५००/०० |
| | सिलाई पसल श्रेणी ख | १०००/०० |
| | सिलाई पसल श्रेणी ग | ८००/०० |
| | सिलाई मेसिन मर्मत पसल | ८००/०० |
| | बूटिक ल्याब्रटोरी | ८००/०० |
| ८८ | **संगित तथा कला केन्द्र सेवा** | |
| | श्रेणी क | १०००/०० |
| | श्रेणी ख | ८००/०० |
| ८९ | **घूम्ति हाटवजारमा ब्यावसाय गर्न तथा माथि उल्लेख नभएका ब्यसायिको हकमा** | |
| | फेन्सी तथा कपडा पसल | १०००/०० |
| | किराना बिसाता एवं भाडा पसल | ५००/०० |
| | अन्य प्रकृतीका / तथा साना व्यवसायहरु | ४००/०० |
| ९० | **माथी उल्लेख नभएका उद्योगहरुको हकमा** | |
| | ठूला उद्योग | १५०००/०० |
| | मझौला उद्योग | ७०००/०० |
| | साना उद्योग , घरेलु | २०००/०० |

हरिपुर नगरपालिका, मलंगवा

| सि.नं. | विवरण | प्रस्तावित करका दरहरु |
|---|---|---|
| ९१ | **माथी उल्लेख नभएका अन्य पेशा व्यवसाय** | |
| | डिस्ट्रीबयुटर्स/थोक पसल | ३५००/०० |
| | खुद्रा पसल श्रेणी क | २५००/०० |
| | खुद्रा पसल श्रेणी ख | २०००/०० |
| | खुद्रा पसल श्रेणी ग | १५००/०० |
| | सेवा प्रदायक अन्य व्यवसाय | १५००/०० |
| | | |

१. पूँजी लगानीको आधारमा रु.३ लाख सम्मलाई "ग"वर्ग, १० लाख सम्मलाई "ख" वर्ग र सोभन्दा माथिलाई "क" वर्ग मानिनेछ ।

२. माथि उल्लेखित बाहेक अन्य व्यवसायहरुलाई व्यवसायको प्रकृति हेरी रु.१००।- देखी ५०००।- सम्म लिने । व्यवसाय कर बक्यौतामा आगामी आ.व. देखी प्रकृति हेरी ५%देखी २५%सम्म जरीवाना लिने ।

३. व्यवसाय प्रत्येक वर्ष तोकिए बमोजिम व्यवसायकर तिरेर नविकरण गर्नु पर्नेछ ।

**पुनश्च :**यसमा उल्लेखित व्यवसाय वाहेक नगरपालिकामा व्यवसायी र उद्योगीको सहमति अनुसार तिर्ने भनि व्यवस्था गरिएको रकममा नघटने गरी कर अशुली गरिने व्यवस्था कायम गरीने छ । वातावरण प्रदुशण कायम गर्ने उद्योगहरुको हकमा उद्योगसंग आपसी सहमतिमा निश्चीत रकम पर्यावरण शुल्क वापत अशुल गरिने छ ।

**२. सेवा शुल्क :**

**२.१ हेभी लोड (बालुबा, ढुंगा, गिट्टी, औद्योगिक कच्चा पदार्थ, सिमेन्ट) वोकेर नगरपालिकाको सडकमा हिडने सवारी साधनको लागि पटके सवारी कर**

| सि. न. | सवारीको प्रकार | आते जाते रकम रु. | नदी नियन्त्रण तथा सडक मर्मत सुधार सेवा शुल्क | जम्मा |
|---|---|---|---|---|
| १ | ट्रक, डम्फर,टिफर, टेलर, लहरी, (औधोगिक कच्चा पदार्थ तथा उत्पादन वोक्ने) | ५०।०० | | ५०।०० |
| २ | मिनिट्रक /टयाक्टर (औधोगिक कच्चा पदार्थ तथा उत्पादन वोक्ने) | २०।०० | | २०।०० |
| ३ | ट्रक, डम्फर,टिफर, टेलर, लहरीर (वालुवा, गिट्टी, मिस्कट, क्रसरको धुलो र ग्राभेल र ढुङ्गा वोक्ने) | ५०।०० | १२ चक्के लाई २००।०० | २५०।०० |
| | | | १० चक्के लाई १५०।०० | २००।०० |
| | | | ६ चक्के लाई १००।०० | १५०।०० |
| ४ | मिनिट्रक /टयाक्टर (वालुवा, गिट्टी, मिस्कट, क्रसरको धुलो र ग्राभेल र ढुङ्गा वोक्ने) | २०।०० | मिनि ट्रक लाई ५०।०० | ७०।०० |
| | | | ट्रेक्टरलाई २०।०० | ४०।०० |

## २.२. अचल सम्पति मूल्याँकन तथा आयश्रोत प्रमाणित :-

| सि.नं | विवरण | **रकम** | कैफियत |
|---|---|---|---|
| १ | प्रति लाख | रु.२०।०० | |

**२.३ सार्वजनिक सेवाउपयोग शुल्क (प्रति पटक)**

सार्वजनिक शौचालय

| सि.नं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | पिसाब गर्दा प्रति व्यक्ति | ५।०० | |
| २ | दिशा गर्दा प्रति व्यक्ति | १०।०० | |
| ३ | नुहाउंदा प्रति व्यक्ति | २०।०० | |

## २.४ मुख्य हाट बजार तथा तरकारी बजारमा लगाईने सेवा शुल्क (पटके)

| सि.नं | पसलको विवरण | दररेट रु. |
|---|---|---|
| १ | किराना पसल,व्लक, छाप्रो, प्रति छाप्रो | ४०।०० |
| २ | कपडा पसल प्रति पसल | ४०।०० |
| ३ | जुत्ता चप्पल प्रति पसल | ४०।०० |
| ४ | रेडिमेड कपडा प्रति पसल | ४०।०० |
| ५ | मसला तेल प्रति पसल | ३०।०० |
| ६ | चामल, चिउरा प्रति पसल | ३०।०० |
| ७ | तरकारी,ढकी तथा छिटि २ भन्दा माथि प्रति पसल | १५।०० |
| ८ | आलु प्याज प्रति पसल | ३०।०० |
| ९ | खुर्सानी अदुवा प्रति पसल | २०।०० |
| १० | आलु,हलुवा (सखरखण्ड) तरुल, कोवि प्रति टायर | १००।०० |
| ११ | आलु,हलुवा (सखरखण्ड) तरुल, कोवि प्रति ट्याक्टर | २००।०० |
| १२ | सिलाई दोकान प्रति पसल | १०।०० |
| १३ | प्रति होटल | ४०।०० |
| १४ | कठघेरा भएको जुनसुकै प्रति पसल | ४०।०० |
| १५ | प्रचुन प्रति पसल | ३०।०० |
| १६ | वोका, खसि काटमार प्रति गोटा | ५०।०० |
| १७ | कुखुरा किन्ने  र विक्रि गर्ने संग प्रति गोटा दुवै तफैवाट रु १० | १०।०० |
| १८ | परेवा जोडी विक्रि गर्ने र खरिद गर्ने दुवै तर्फवाट ५।५ | १०।०० |
| १९ | सुंगुर/वंगुर काटमार प्रति गोटा | २००।०० |
| २० | ठुलो रांगा काटमार प्रति गोटा | ६००।०० |
| २१ | साँनो रांगा काटमार प्रति गोटा | ४००।०० |
| २२ | माछा प्रति पसल | १००।०० |
| २३ | फलामको कृर्षिजन्य औजार पसल | ४०।०० |
| २४ | छाप्रोमा माछा मासु नास्ता प्रति पसल | ४०।०० |
| २५ | चुरा प्रति पसल | ३०।०० |
| २६ | सिद्रा सुकेको माछा प्रति पसल | ३०।०० |
| २७ | डोको नाम्लो कुचो प्रति पसल | २०।०० |
| २८ | मुरी कचेरी खाटमा राख्ने प्रति पसल | २०।०० |
| २९ | माटोको भाडां प्रति पसल | २५।०० |
| ३० | हजाम भूइमा वस्ने प्रति पसल | १५।०० |
| ३१ | होटल प्रति पसल | ४०।०० |

हरिपुर नगरपालिका, सर्लाही

| | | |
|---|---|---|
| ३२ | मिठा प्रति पसल | ३०।०० |
| ३३ | घुंगी प्रति पसल | १५।०० |
| ३४ | जादु खेल खेलाउने | ५०।०० |
| ३५ | जुत्ता चप्पल सिलाउने प्रति पसल | १५।०० |
| ३६ | घडी टर्च लाईट विक्रि गर्ने प्रति पसल | ३०।०० |
| ३७ | ठेलामा आईसक्रिम, चिया नास्ता, फलफुल, चना चटपटे वेच्ने प्रति पसल | २०।०० |
| ३८ | सांध लगाउने प्रति पसल | २०।०० |
| ३९ | सुन चांदी प्रति पसल | ४०।०० |
| ४० | तामा, कागती, निवुवा प्रति पसल | १५।०० |
| ४१ | फोटो फ्रेम प्रति पसल | ३०।०० |
| ४२ | रंग, अविर तथा माला प्रति पसल | २०।०० |
| ४३ | भांडा वर्तन प्रति पसल | ४०।०० |
| ४४ | धोवि प्रति पसल | ३०।०० |
| ४५ | सुर्ति प्रति पसल | २०।०० |
| ४६ | विउ विजन प्रति पसल | २५।०० |
| ४७ | तरकारी प्रति छिटि २ भन्दा मूनि | १०।०० |
| ४८ | खसी/वोका/बाखा/पाठापाठी/ खरिद विक्रि गर्ने संग प्रति गोटा रु. ३०।०० गरी दुवैको | ६०।०० |
| ४९ | कवाडी मालसामान प्रति ट्रक | २०००।०० |
| ५० | फलफुल तथा तरकारी प्रति भांगा ( ५० के.जी.भन्दा माथिको) | ३०।०० |
| ५१ | फलफुल तथा तरकारी प्रति क्यारेट/झोला/डोका( ५० के.जी.भन्दा मुनिको) | १०।०० |
| ५२ | धर्म काँटा | ५,०००।०० |

ऐलानी,अव्यवस्थित गाउँ वस्ती भित्र (नगरक्षेत्र ) न.पा. गठन पुर्व बनेको घरहरुको विवरण संकलन गरी निम्न अनुसार वार्षिक रुपमा कर लगाईने निर्णय गरियो ।

| सि.नं. | घरको विवरण | वार्षिक रकम |
|---|---|---|
| १ | कच्चीघर | २५।०० |
| २ | अर्ध पक्की | १००।०० |
| ३ | पक्कीघर | भुई तल्ला रु.५००।००<br>पहिलो तल्ला रु.१०००।००<br>दोस्रो तल्ला रु.१५००।००<br>तेस्रो तल्ला रु. २०००।००<br>चौथो तल्ला रु. २५००।०० |

## ३. भवन निर्माण  (नक्शा पास) दस्तुर

### ३.१ पुराना भवन एवं संरचना अभिलेखीकरण प्रयोजनको लागि

| सि.नं | भवनको प्रकार | वेसमेन्ट तल्ला | भूईतल्ला ( प्रति वर्ग फिट रु. ) | पहिलो तल्ला ( प्रति वर्ग फिट रु. ) | दोस्रो तल्ला ( प्रति वर्ग फिट रु. ) | तेस्रो तल्ला र सो भन्दा माथि - प्रति वर्ग फिट रु. ) |
|---|---|---|---|---|---|---|

हरिपुर नगरपालिका, सर्लाही

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | आर .सि.सि.पिल्लर भएको | १।७५ | २।०० | ३।०० | ३।५० | ४।०० |
| २ | ढुंगा  वा इटा वा ब्लकमा सिमेन्ट वालुवाको गारो -आर.सि.सि.को छानो भएको ) | - | १।०० | २।०० | ३।०० | - |
| ३ | सिमेन्टको जोडाईमा ढुंगा वा इटा वा व्लकको गारो -जस्ता वा टायलको छानो भएको ) | - | ०।७५ | १।५० | - | - |
| ४ | पटाहाको घेराबेरा लगाएतका कच्ची भवन | - | ०।५० | १।०० | - | - |
| सि.नं. | कम्पाउन्डवालको प्रकार | | | प्रति रनिङ फिट रु. | | |
| १ | सिमेन्ट जोडाईको कम्पाउन्डवाल | | | | | २।०० |
| २ | माटो जोडाईको कम्पाउन्डवाल | | | | | १।०० |
| ३ | तारवारको कम्पाउन्ड वाल(एकमुष्ठ) | | | | | ५०।०० |

**३.२ नयाँ भवन एवं संरचना निर्माण प्रयोजनका लागि**

| सि.नं | भवनको प्रकार | राजमार्ग सडकको दायाँवायाँ वन्ने घर दर प्रति बर्ग फुट ( रु.मा) | शाखा सडकको दायाँवायाँ वन्ने घर दर प्रति बर्ग फुट ( रु.मा) | अन्य सडकको दायाँवायाँ वन्ने घर दर प्रति बर्ग फुट ( रु.मा) |
|---|---|---|---|---|
| १ | आर .सि.सि.पिल्लर भएको | | | |
| १.१ | वेसमेन्ट तल्ला | ३।५० | ३।०० | २।०० |
| १.२ | भूईतल्ला | ४।५० | ४।०० | ३।०० |
| १.३ | पहिलो तल्ला | ५।५० | ५।०० | ४।०० |
| १.४ | दोस्रो तल्ला | ६।५० | ६।०० | ५।०० |
| १.५ | तेस्रो तल्ला र सो भन्दा माथि | ७।५० | ७।०० | ६।०० |
| २ | ढुंगा  वा इटा वा ब्लकमा सिमेन्ट वालुवाको गारो ( आर.सि.सि.को छानो भएको ) | | | |
| २.१ | भूईतल्ला | २।०० | १।७५ | १।५० |
| २.२ | पहिलो तल्ला | ३।०० | २।५० | २।०० |
| २.३ | दोस्रो तल्ला | | | |
| ३ | सिमेन्टको जोडाईमा ढुंगा वा इटा वा व्लकको गारो -जस्ता वा टायलको छानो भएको ) | | | |
| ३.१ | भूईतल्ला | २।०० | १।७५ | १।५० |
| ३.२ | पहिलो तल्ला | ३।०० | २।५० | २।०० |
| ४ | पटाहाको घेराबेरा लगाएतका कच्ची भवन | | | |
| ४.१ | भूईतल्ला | १।०० | १।०० | १।०० |
| ४.२ | पहिलो तल्ला | १।५० | १।५० | १।५० |
| सि.नं. | कम्पाउन्डवालको प्रकार | | | |
| १ | सिमेन्ट जोडाईको कम्पाउन्डवाल | ३।०० | ३।०० | ३।०० |
| २ | माटो जोडाईको कम्पाउन्डवाल | १।०० | १।०० | १।०० |
| ३ | तारवारको कम्पाउन्ड वाल (एकमुष्ठ) | ५०।०० | ५०।०० | ५०।०० |

**नोट :**

- व्यवशायिक भवनमा मापदण्ड र नियमानुसार सो मा ५० प्रतिशत थप दस्तुर समेत लाग्ने छ ।

हरिपुर नगरपालिका, सर्लाही

- महिलाको स्वामित्व रहेको निजी भवनहरुमा लाग्ने नक्सा पास दस्तुरमा ५ प्रतिशत छुट दिईने छ ।
- पुर्व नक्सापास भएको प्रमाण पेश गरी मर्मत हुने क्षेत्रफल खुलाई मर्मत इजाजत माग भई आएमा हालको नक्सा पास दस्तुरको ५० प्रतिशत शुल्क लिई मर्मत सुधार इजाजत दिन सकिनेछ ।
- स्वीकृत नक्साको म्याद थप गर्दा पहिले लागेको दस्तूरको ५ प्रतिशत दस्तूर लिई पुनः २ बर्षको लागि म्याद थप गरिनेछ ।
- माप दण्ड विपरित निर्माण भएका घरको घर नक्सा पास गरिने छैन तर मापदण्ड भित्र भएका भवनहरुको हकमा देहाय बमोजिम थप शुल्क लिइ नक्सा पास गर्न सकिनेछ ।

१. नक्सा पास प्रक्रियामा नरहेको तर एकै पटक नक्सा पेश गरी सम्पन्न प्रमाण पत्र लिन आएमा हालको नक्शा पास दस्तुरको ०.५० प्रतिशत र प्रथम चरणको निर्माण कार्यको स्वीकृत लिई एकै पटक सम्पन्न प्रमाण पत्र लिन आएमा ०.२५ प्रतिशत थप दस्तुर लिइ नक्सा पास गर्न सकिनेछ ।

२. न.पा.बाट निर्माण कार्य स्वीकृत लिएका तर तोकिएको समय भित्र सम्पन्न नलिएका भवनको नक्सा पास गर्दा थप ५० प्रतिशत र नक्सा फरक भई संशोधित नक्सा पेश गर्दा क्षेत्रफल बढी हुन आएमा थप क्षेत्रफलमा हालको नक्सा पास दस्तुरको १०० प्रतिशत थप शुल्क लिई नक्सा पास गर्न सकिने छ ।

३. अव नयाँ दर्ता भई निर्माण हुने भवन नक्सा पास भई तल्ला थप गर्ने भवनमा सौर्य उर्जा प्रयोग गरिएको हुनु पर्नेछ।

४. पूर्व स्वीकृति लिई नक्सा पास भएको हकमा थप संरचनाको मात्र प्रचलित नियमानूसार गरिनेछ ।

**३.३ सहकारी संस्था दर्ता- ५०००।०० नवीकरण- ३०००।००**

**कृषि तथा पशुपालन समूह दर्ता- १,०००।०० नवीकरण-५००।००**

## ४.दण्ड जरिवाना

क) नयाँ निर्माण अनुमती विना वनाएको हकमा ।

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | जगको कार्य सम्पन्न | नक्सापास दस्तुरको २५% |
| २ | डि.पि.सि.को कार्य सम्पन्न | नक्सापास दस्तुरको ३५% |
| ३ | गाह्रो लगाउने कार्य सम्पन्न | नक्सापास दस्तुरको ५०% |
| ४ | ढलानको कार्य सम्पन्न | नक्सापास दस्तुरको ७५% |
| ५ | निर्माण कार्य सम्पन्न | नक्सापास दस्तुरको १००% |

नोट :- उल्लेखित जरिवाना निर्माण भएको तल्लाको आधारमा लिईनु पर्नेछ ।

ख ) तल्ला थपमा

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | गाह्रो लगाउने कार्य सम्पन्न | नक्सापास दस्तुरको ५०% |
| २ | ढलानको कार्य सम्पन्न | नक्सापास दस्तुरको ७५% |
| ३ | निर्माणको कार्य सम्पन्न | नक्सापास दस्तुरको १००% |

नोट :- उल्लेखित जरिवाना निर्माण भएको तल्लाको आधारमा लिईनु पर्नेछ ।

## ५ सिफारिश तथा अन्य सेवा शुल्कको दर :

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | नेपाली नागरिकता सिफारिस | |
| | क) वंशज | ५०।०० |
| | ख) वैवाहिक अंगिकृत | १००।०० |
| | ग) प्रतिलिपि | ५०।०० |
| २ | राहदानी सिफारिश | ३२०।०० |

हरिपुर नगरपालिका, सर्लाही

| | | |
|---|---|---|
| ३ | नाता प्रमाणित सिफारिश | |
| | क) नेपालीमा (मृतक संग) | १००।०० |
| | ख) नेपालीमा (अन्य संग) | १००।०० |
| | ग) अंग्रेजीमा | ३५०।०० |
| ४ | नाम थर संशोधन सिफारिस | २५०।०० |
| ५ | विधुत/धाराको सिफारिश | |
| | क) घरायसी/कृषि | ५०।०० |
| | ख) व्यापारिक | २००।०० |
| | ग) साना औद्योगिक | २,०००।०० |
| | घ) ठुलो औद्योगिक | १०,०००।०० |
| ६ | विधुत/धारा नामसारी सिफारिस | ३००।०० |
| ७ | आय श्रोत सिफारिश | प्रति लाख ५०।०० |
| ८ | बसोबास प्रमाणित सिफारिश | |
| | क) वैदेशिक प्रयोजन | ५००।०० |
| | ख) स्वदेशी प्रयोजन | १००।०० |
| ९ | जन्म मिति प्रमाणित सिफारिस | |
| | अग्रेजीमा | ५००।०० |
| | नेपालीमा | १००।०० |
| १० | जग्गा धनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि सिफारिस दस्तुर | १००।०० |
| ११ | घर निर्माण सम्पन्न सिफारिस प्रति तल्ला | २००।०० |
| १२ | घर नक्सा पास नामसारी | |
| | क) कच्ची घर | ५००।०० |
| | ख) १ तल्ले सम्मको पक्की घर | १,०००।०० |
| | ग) २ तल्ले सम्मको पक्की घर | २,०००।०० |
| | घ) २ तल्ले भन्दा बढिको पक्की घर | ५,०००।०० |
| १३ | घर कायम सिफारिश | |
| | क) पक्की | ३००।०० |
| | ख) कच्ची/साधारण | १००।०० |
| १४ | घर/बाटो प्रमाणित (मालपोत रजिष्ट्रेशन प्रयोजनको लागि ) मालपोत मूल्यांकन वा मालपोत मूल्यांकनमा नघटने गरी स्वघोषणा गरेको मूल्यांकन रकमका<br>क) ५ धुर देखि १ कट्ठा सम्म<br>ख) १ कट्ठा १ बिगाहा सम्म<br>ग) १ बिगाहा देखि २ बिगाहा सम्म<br>घ) २ बिगाहा भन्दा माथि | <br><br><br>रु.१००।००<br>रु.१५०।००<br>रु.२००।००<br>रु.४००।०० |
| १५ | चारकिल्ला प्रमाणित प्रति कित्ता | १५०।०० |
| १६ | घरजग्गा नामसारी सिफारिश | ४००।०० |
| १७ | छुट जग्गा नामसारी सिफारिस दस्तूर (प्रति कट्ठा) | ५००।०० |
| १८ | छुट तथा आकडा जग्गाको सिफारिश (प्रति कट्ठा) | ५००।०० |
| १९ | विटौरी जग्गा नामसारी(मृत्यु भएका कारण नामसारी दा.खा.गर्नु परेमा) | ५००।०० |
| २० | विटौरी जग्गा नामसारी, राजिनामा, वकसपत्र, अंशवण्डा आदिबाट हक हस्तान्तरण सिफारिश | ५००।०० |
| २१ | विटौरी जग्गा नामसारी(मृत्यु भएका कारण नामसारी दा.खा.गर्नु परेमा) | ५००।०० |
| २२ | मोही नामसारी सिफारिश | ५००।०० |
| २३ | पक्की घर निर्माणको लागि काठपात ल्याउने सिफारिस(प्रति क्यु.फि.) | १०।०० |
| २४ | कच्चीघर निर्माणको लागि काठपात ल्याउने सिफारिस(प्रति क्यु.फि.) | ७।०० |
| २५ | अंग्रेजी सिफारिस दिनु पर्दा आय श्रोत र अचल सम्पति बाहेकमा | १,०००।०० |

हरिपुर नगरपालिका, सर्लाही

| | | |
|---|---|---|
| २६ | संस्था दर्ता सिफारिस दस्तुर | ५००।०० |
| २७ | नाफामूलक संस्था दर्ता सिफारिस दस्तुर | १,५००।०० |
| २८ | निजी विद्यालय संचालन सिफारिश | ५,०००।०० |
| २९ | निजी विद्यालय कक्षा संचालन तथा स्तरबृद्धिको सिफारिश | ३,०००।०० |
| ३० | दलित जनजाति मधेशी तथा अन्य प्रमाणित सिफारिस | १००।०० |
| ३१ | चारित्रिक सिफारिस दस्तूर न.पा . वाहिर | २००।०० |
| ३२ | चारित्रिक सिफारिस दस्तूर न.पा. भित्र | १००।०० |
| ३३ | भारत जाने सिफारिस | १००।०० |
| ३४ | अन्य मुलुक जाने सिफारिश | ५००।०० |
| ३४ | व्यक्ति प्रमाणित | १००।०० |
| ३५ | मृत्यु प्रमाणित सिफारिश(व्यक्तिगत घटना लागुहुन भन्दापूर्वको अवस्थामा ) | १००।०० |
| ३६ | अन्य प्रमाणित सिफारिश (व्यक्तिगत घटना दर्ता कार्यक्रम लागु नहुदैको अवस्थामा) | १००।०० |
| ३७ | विवाहा सिफारिश(व्यक्तिगत घटना दर्ता कार्यक्रम लागु नहुदैको अवस्थामा) | १००।०० |
| ३८ | वैदेशिक खाता खोल्ने प्रयोजनको लागि सिफारिश | २००।०० |
| ३९ | पेन्सनरहरुको लागि जीवित रहेको भन्ने व्यहोराको सम्पर्क सिफारिश | १००।०० |
| ४० | परिचय सिफारिश | १००।०० |
| ४१ | पेन्सन प्रयोजनको लागि ठेगाना संशोधन सिफारिश | १००।०० |
| ४२ | छात्रवृति सिफारिश | निशुल्क |
| ४३ | उपचार सहयोग सिफारिश | निशुल्क |
| ४४ | बसाई सराई गरी अन्यत्र सामानहरु लिई जादा सिफारिश माग भई आएमा | १००।०० |
| ४५ | उद्योग स्थापना एवं ठाँउसारी सिफारिश | |
| | ठुला | १०,०००।०० |
| | मझौला | ५,०००।०० |
| | साना | २,०००।०० |
| | घरेलु | ५००।०० |
| ४७ | चारित्रिक सिफारिश | १००।०० |
| ४८ | जग्गा सम्वन्धि अन्य सिफारिश (हकभोक समेत) | ५००।०० |
| ४९ | सार्वजनिक यातायातका साधन नचलेको व्यहोराको सिफारिश | १००।०० |
| ५० | दैवी विपत्ति वा भवितव्य परेको सिफारिश | निशुल्क |
| ५१ | हराएको प्रमाण पत्रको प्रतिलिपि सिफारिश | १००।०० |
| ५२ | पेशा व्यवशाय संचालनमा रहेको/वन्द रहेको अवस्थाको सिफारिश | १००।०० |
| ५३ | न.पा.मा कर चुक्ता गरे पछि दिईने कर चुक्ता सिफारिश | १००।०० |
| ५४ | परिवार ल्याएको ।नल्याएको सिफारिश | २००।०० |
| ५५ | विदेशी संग विवहा दर्ता सिफारिश | १,०००।०० |
| ५६ | ठेकका पट्टा इजाजत सिफारिस | २०००।०० |
| ५७ | मोवाइल टावर इजाजत सिफारिस | २५०००।०० |
| ५८ | पेट्रोल पम्प स्थापना सिफारिस | ५५००।०० |
| ५९ | अपुताली प्रमाणित | |
| | क) नेपालको लागि | ५,०००।०० |
| | ख) विदेशको लागि | १५,०००।०० |
| | धारा जडान गर्दा न.पा.ले निर्माण गरेका ग्राभेल, कच्ची र पिच सडक कटान गरी लैजानु पर्ने भए लाग्ने दस्तुर रु. | |

**६. सिफारिश तथा अन्य सेवा शुल्कको दर :**

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | निवेदन दस्तुर | १०।०० |
| २ | निवेदन फाराम मूल्य | २०।०० |

| | | |
|---|---|---|
| ३ | नागरिकता अनुसूची /प्रतिलिपि फाराम दस्तुर | ५०।०० |
| ४ | व्यवशाय प्रमाणपत्र दस्तुर | ५०।०० |
| ५ | व्यवशाय नामसारी/प्रतिलिपि/साझेदार थप घट | २००।०० |
| ६ | एकिकृत सम्पति कर फाराम दस्तुर | २०।०० |
| ७ | नगरपालिकाको सभाहल प्रयोग प्रति दिन(जेनेरेटर सेवा बाहेक) | ५०००।०० |

**७. अन्य सेवा शूल्कको दर :**

| सि.न. | सेवाको किसिम | दर | कैफीयत |
|---|---|---|---|
| १ | घर नक्सापास पुस्तिका | रु.५००।०० | |
| २ | सर्जमिन मुचुल्का | रु.३००।० | |
| ३ | सामुदायिक मध्यस्थ सेवा | रु.२००/- | |
| ४ | रकम कलम उठाई दिएवापत प्रतिहजार | ५% | |
| ७ | सबै खाले निवेदन फारामहरु प्रतिगोटा | रु.२० ।- | |
| ८ | मिलापत्र शुल्क (दुवै पक्षसँग आधा आधा) | रु.५००।-/५००।- | |
| ९ | घर नम्वरिङ्ग प्लेट प्रति गोटा | रु.३०० ।- | |
| १० | न.पा. को श्रोत नक्सा $A_3$साइज प्रति गोटा | रु.५० ।- | |
| ११ | विभिन्न नक्सा ठुलो साइजको प्रतिगोटा | रु.२०० ।- | |
| १२ | विभिन्न नक्सा सानो साइजको प्रतिगोटा | रु.१०० ।- | |
| १३ | टोल विकास संस्था दर्ता शुल्क/नविकरण | रु.१०० ।- | |
| १४ | व्यवसायिक इजाजत प्रमाण पत्र वापत | रु.१०० ।- | |
| १५ | स्थलगत प्राविधिक सेवा शुल्क | रु.१००० ।- | |
| १६ | घर खाली गर्ने | रु.१,५००।- | |
| १७ | साँधसिमाना छुट्याउने पहिलो कित्ताको लागि | रु.१०००।- | |
| १८ | त्यसपछि ५ कठ्ठा सम्म क्षेत्रफल भएको थप प्रतिकित्ता | रु.५००।- | |

**८. फोटोकपि/प्रतिलिपि सेवा शुल्क**

| क्र.सं | विवरण | सेवा शुल्क |
|---|---|---|
| १ | कम्प्युटर प्रिन्टबाट प्रतिलिपि दिदा | १०.०० |
| २ | फोटोकपि शूल्क प्रति गोटा | ३.०० |
| ३ | नक्कल प्रमाणित दस्तूर प्रति कपि | ५.०० |

**९. नगर सूचना केन्द्रका सामग्रीको दैनिक भाडादर :**

| सि.नं. | विवरण | सेवा शुल्क | कैफियत |
|---|---|---|---|
| १ | मल्टीमिडिया प्रोजेक्टर | ५००.०० | |
| २ | कम्प्युटर/साउण्ड सिष्टम प्रति दिन | ७००.०० | |
| ३ | ह्वाइट र सफ्ट बोर्ड प्रति सेट | २००.०० | |
| ४ | लेबल मेसिन प्रतिदिन | ५००.०० | |

**१०. टिप्पर/ब्याक हो लोडर भाडा महशुल :**

हरिपुर नगरपालिका, सर्लाही

| सि.नं. | विवरण | **प्रतिघन्टा** | **प्रति सिफ्ट** | कैफियत |
|---|---|---|---|---|
| १ | व्याक हो लोडर | | | व्याक हो लोडरको हकमा  सवारी ईन्धन र चालकको भत्ता रु १००।०० प्रति घण्टा सम्वन्धित लैजानेले भुक्तानी गर्ने गरी प्रति घण्टा रु. १६००।०० र २ घण्टा भन्दा कम रु. ३,०००।०० भुक्तानी गर्नु पर्नेछ । |
| २. | सानो टिप्पर | ३००० प्रतिदिन | | साधन प्रयोग गर्नेले अग्रिम रकम जम्मा गर्नु पर्नेछ । भाडा न.पा. गेटबाट गएको समय देखि फिर्ता भएको समयसम्म लगबुक भरेका आधारमा लागु हुनेछ । न.पा.को काममा उपभोक्ताबाट प्रयोग हुदां १० घन्टाको र अन्यमा ८ घन्टाको १ सिफ्ट हुनेछ । डाइभर भत्ता रु ३००।०० र इन्धन खर्च समेत व्यर्होनु पर्ने छ । |
| ४. | ठुलो टिप्पर | ४००० प्रतिदिन | | साधन प्रयोग गर्नेले अग्रिम रकम जम्मा गर्नु पर्नेछ । भाडा न.पा. गेटबाट गएको समय देखि फिर्ता भएको समयसम्म लगबुक भरेका आधारमा लागु हुनेछ । न.पा.को काममा उपभोक्ताबाट प्रयोग हुदां १० घन्टाको र अन्यमा ८ घन्टाको १ सिफ्ट हुनेछ । डाइभर भत्ता रु ३००।०० र इन्धन खर्च समेत व्यर्होनु पर्ने छ । |
| ३. | जे.सी.बी. | | | जे.सी.बी.को हकमा  सवारी ईन्धन र चालकको भत्ता रु १००।०० प्रति घण्टा सम्वन्धित लैजानेले भुक्तानी गर्ने गरी प्रति घण्टा रु. ८००।०० र २ घण्टा भन्दा कम रु. १,८००।०० भुक्तानी गर्नु पर्नेछ । |

**११. निर्माण सामग्रीबाट हुने सडक अवरोध दस्तुरः**

| **सि.न** | **विवरणप्रतिदिन प्रति व.मिटर** | **पिच सडक** | **कच्ची सडक** | **कैफियत** |
|---|---|---|---|---|
| १ | शहरी क्षेत्रमा (ओगटेको क्षेत्रफलको आधारमा) | १।५० | १।०० | |
| २ | आवशिय तथा अन्य क्षेत्र (ओगटेको क्षेत्रफलको आधारमा) | १।०० | ०।५० | |
| नोट : सार्वजनिक आवागमनमा बाधा पुग्ने गरी निर्माण सामाग्री राख्न पाइने छैन । | | | | |

**१२**. दरभाउ पत्र बा बोलपत्र प्रति फारम दस्तुर (सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम) हुनेछ ।

| सि.नं. | विवरण | २०७७/०७८ |
|---|---|---|
| १ | रु. २० लाखसम्मको सिलबन्दी दरभाउ पत्र | १००० ।०० |
| २ | रु. २० लाख माथि २ करोड सम्मको बोलपत्र | ३००० ।०० |
| ३ | रु. २ करोड माथि १० करोडसम्मको | ५००० ।०० |
| ४ | रु. १० करोड माथि २५ करोडसम्मको | १०००० ।०० |
| ५ | रु. २५ करोड भन्दा माथि जतिसूकै भएपनि | २०००० ।०० |

- नेपाली नागरिकताको सरजमीन मुचुल्का गर्दा निशुल्क गरिने छ ।
- माथि उल्लेखित कर, दस्तुर र सेवा शुल्क देखि वाहेक अन्य श्रोत थप हुन आएमा नगरकार्यपालिकाले श्रोतको पहिचान गरी करको दर तोक्न सक्नेछ ।
- नेपाल सरकारका अन्य निकायमा हुने दर्ता, नविकरण दस्तुर नियमन भई आएका कार्यहरु हस्तान्तरण भई आएमा सम्बन्धित निकायबाट वा नेपाल सरकारले तोकिए भन्दा कम नहुने गरी कर, दस्तुर तथा सेवा शुल्क लिईनेछ ।

उल्लेखित अनुसारको कर, दस्तुर र सेवा शुल्क तथा मालपोत रजिष्ट्रेशन र प्राकृतिक श्रोतसाधनबाट उठने शुल्क समेतबाट नगर क्षेत्रमा आ.ब. २०७७ २०७८ मा एक करोड आन्तरिक आम्दानी प्राप्त हुने अनुमान गरिएको छ ।

आगामी आ.व. ०७७।०७८ मा वन्दोवस्त हुने आन्तरिक आय ठेक्काको ठेक अंक कायम गर्ने

| क्र.स. | आय ठेक्काको नाम | आगामी आवकोन्युनतम ठेक अंक | चालु आवमा लागेको ठेक अक | कैफियत |
|---|---|---|---|---|
| १ | हरिपुर वजार | नगर कार्यपालिकाले निर्णय गरे बमोजिम हुने । | ५५६,०००।- | |
| २ | लक्ष्मीपुर वजार | | २२१,०००।- | |
| ३ | पिडारी वजार | | १८८,२००।- | |
| ४ | मजुर्वा बजार | | १००,०००।- | |
| ५ | हजारबिघा बजार | | | |
| ६ | चिताईन बजार | | | |
| ७ | इटा भटा | | | |
| ८ | लखनदेहि खोला | | २१५६,०००- | |
| ९ | झिम खोला | | ७५५,०००- | |

हरिपुर नगरपालिका, सर्लाही

# भाग-२

## विनियोजन ऐन

***"हरिपुर नगरपालिकाको आर्थिक बर्ष ०७७/०७८को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन"***

**प्रस्तावना :** हरिपुर नगरपालिकाको आर्थिक बर्ष **०७७/०७८** को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम हरिपुर नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"हरिपुर नगरपालिकाको विनियोजन ऐन, २०७७"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

क)"नगर सभा"भन्नाले हरिपुर नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

ख) "कार्यपालिका" भन्नाले हरिपुर नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) "वडा समिति" भन्नाले हरिपुर नगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

घ) "बिषयगत शाखा" भन्नाले हरिपुर नगरपालिकाका अन्तर्गतको महाशाखा, शाखा, आयोजना, सचिवालय, ईकाइ, कार्यालय तथा अन्य प्रशासनिक ईकाइ समेतलाई सम्झनु पर्दछ ।

ङ) "संञ्चित कोष" भन्नाले हरिपुर नगरपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ ।

३.**आर्थिक वर्ष ०७७/०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष **०७७/०७८** को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूचीमा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **५६,४२,७३,७५४.८२ (छपन्न करोड वयालिस लाख त्रिहत्तर हजार सात सय चौवन्न रुपैयाँ वयासी पैसा मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ । साथै उक्त रकम वाहेक केन्द्र

हरिपुर नगरपालिका, सर्लाही

सरकार, प्रदेश सरकार र आन्तरिक श्रोतबाट थप प्राप्त हुने रकमलाई संचित कोषमा आम्दानी गर्न र तोकिए बमोजिमका शीर्षकमा खर्च गर्न सकिने छ ।

४. **विनियोजन:** **(१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष **०७७/०७८** को निमित्त हरिपुर नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा हरिपुर नगरपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर आगामी तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

आज्ञाले
उदय प्रसाद देवकोटा
(प्रमुख प्रशासकिय अधिकृत)

हरिपुर नगरपालिका, सर्लाही